नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३४ | अंक २६१ | २०८२ साल जेठ ८ गते बिहीबार (22 May 2025 Thursday) | मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : सांस्कृतिक समानताले सुदृढ ... ३ पृष्ठमा : निरन्तर घट्दो नाफाले ... ३ पृष्ठमा : भारतीय सुरक्षाकर्मीसँगको ...

# झुक्याएर छिमेकीले आफ्नो श्रीमतीको नाममा जग्गा पास गराएको एक बृद्धाको आरोप



**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

आफूलाई झुक्याएर छिमेकीले आफ्नो श्रीमतीको नाममा जग्गा पास गराएको एक बृद्ध एकल महिलाले आरोप लगाएकी छिन् ।

सप्तरीको बलान बिहुल गाउँपालिका ६ रामनगर टोलकी ७६ वर्षिया खटरीदेवी यादवनीले यस्तो आरोप लगाएकी हुन् । मन्दिरलाई जग्गा दिने भनी झुक्याएर कागजातमा हस्ताक्षर गराई छिमेकी गजेन्द्र प्रसाद यादवले आफ्नो श्रमितीको नाउँमा उक्त जग्गा पास गराएको भन्दै सोको छानबिन, दोषिलाई कारवाही तथा जग्गा फिर्ताका लागि पहल गरिदिन सबैसँग सहयोगको याचना गरेकी हुन् ।

गाउँमा कतै कुनै पहल नभएपछी न्याय खोज्दै बुधबार सदरमुकाम राजविराज आइपुगेकी उनले सरोकारवाला निकायका प्रमुख र संचारकर्मीहरुलाई भेट्दै सहयोगका लागि अपील गरिन् । उनले राजबिराजस्थित भुमी, सुधार तथा मालपोत कार्यालयमा लेखापढी ब्यवसायीको काम गर्दै आएका छिमेकी गजेन्द्र प्रसाद यादवले आफ्नो नाममा रहेको कित्ता नं.८६ को ५ कट्ठा १४ धुर तथा कित्ता नं. २४९ को २ कट्ठा जग्गा धोखा दिएर आफ्नी श्रीमती मन्जुको नाममा पास गराएको बताईन ।

निसन्तान एकल महिलाका श्रीमान झौली यादवको ९ महिना अघि मात्र निधन भएको थियो । उनका अनुसार गाउँ मै रहेको कल्याणेश्वर महादेव मन्दिरको आधुनिकीकरण तथा आम्दानीको श्रोत बढाउन श्रीमान जिवीत रहेकै बखत उक्त जग्गा मन्दिरको नाममा दान गर्ने आफु दुईबीच सल्लाह भएको थियो ।

सो कुरा यादव दम्पतीले छिमेकी गजेन्द्रलाई पनि जानकारी गराएका थिए । श्रीमानको मृत्यु भएपछि उनको इच्छा पुरा गर्न आफुले लेखापढी व्यवसाय गर्दै आएका छिमेकी गजेन्द्रको साथ र सहयोग खोज्दा ठगिएको खटर देवीको भनाई छ ।

गजेन्द्रलाई मन्दिरको नाममा जग्गा कसरी दिने ? भन्ने प्रकृया बारे सहयोग माग्दा मलाई मालपोत कार्यालयमा पुर्‍याएर धोखामा पारी आफ्नो श्रीमती मञ्जुको नाममा पास गराएको उनले सुनाईन । उनले यस बारे बैशाख १६ गते जिल्ला प्रहरी कार्यालयमा गजेन्द्र बिरुद्ध उजुरी दिएको बताइन् ।

यता गजेन्द्रले भने आफुले कुनै धोखा नदिएको र उक्त जग्गा खटरीका श्रीमान झौली जीवित हुदै बखत नै आफुले २१ लाखमा खरिद गरेको दाबी गरेका छन । उनले झौली संग आफनो लेनदेनको कारोबार हुने गरेको र उनी संग लिन बाँकी रहेको रकममा केही थपेर २१ लाखमा जग्गा खरिद गरेको दाबी गरेका छन । उनले जग्गा पास गर्न खटरी देवी स्वेच्छाले मालपोत कार्यालयमा आएको र स्वेच्छाले नै मन्जुको नाममा रजिष्ट्रेशन पास गरेको बताएका छन ।

बलान विहुल गाँउपालिकाका अध्यक्ष खेमचन्द यादवले उक्त विषयमा पीडीत भनिएकी खटरी देवीबाट न्यायीक समितीमा समेत उजुरी परेको र त्यसबारे न्यायीक समितीले छानबिन गरीरहेको जनाएका छन । उनले यसबारे आफ्नो स्तरबाट समेत सत्यतथ्य पत्ता लगाउने काम थालिएको र चाडै निष्कर्षमा पुग्ने जनाएका छन ।

# फोनबाटै "तलाक" पाएकी सनिजालाई कुटपिट गरेको आरोपमा नन्द मरियम पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**



श्रीमानबाट फोनबाटै "तलाक" पाएकी सनिजालाई कुटपिट तथा अन्य गतिविधी मार्फत दुःख दिएको आरोपमा उनका नन्दलाई बुधबार प्रहरीले पक्राउ गरेको छ ।

सप्तरीको डाक्नेश्वरी नगरपालिका ७ निवासी सनिजा खातुनलाई कुटपिट तथा अनय गतिविधि मार्फत दुःख दिएको आरोपमा उनका नन्द मरियम खातुनलाई प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ परेका मरियमलाई बुधबार नै सप्तरी जिल्ला अदालतबाट ठगि तथा आपराधिक विश्वासघात मुद्दामा तीन दिनको म्याद थपेर आवश्यक अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायक उपरिक्षक जितेन्द्र कुमार बस्नेतले जानकारी दिए ।

सासु आयसा र नन्द मरियमको कुटाइबाट घाइते भएकी सनिजाको विगत चार दिनदेखी स्थानीय गजेन्द्र नारायण सिंह अस्पतालमा उपचार भइरहेको छ ।

अस्पतालको आकस्मिक

*बाँकी तीन पृष्ठमा*

## कर परामर्श सेवा केन्द्र

**राजविराज-४**

**कर्मचारी आवश्यकता**

यस परामर्श केन्द्रका लागि निम्न अनुसारको कर्मचारीको आवश्यकता भएकोले यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्द्रह) दिन भित्र इच्छुक उम्मेदवारहरुले आ-आफ्ना प्रमाण पत्रको प्रतिलिपि यस परामर्श केन्द्रमा पेश गर्नु हुन यो सुचना प्रकाशन गरिएको छ ।

१. **पद** :- कम्प्युटर अपरेटर
२. **संख्या** :- १ एक
३. **योग्यता** :- वाणीज्य विषयमा न्युनत्तम +२ उतीर्ण भएको ।
४. **पारिश्रमिक** :- आपसी सहमतिमा तय गरिने छ ।
५. **परिक्षाको किसिम** :- प्रतियोगात्मक तथा अन्तरवार्ता ।
६. **सम्पर्क नं.** :- ९८०१५३०५७७/९८०४७९८८०८

***नोट :- कम्प्युटरमा एकसल, ट्यालीमा दक्षता प्राप्त हुनु पर्ने छ ।***

# शिक्षा क्षेत्रलाई कमजोर बनाउँदै विद्यार्थीको भविष्यमाथि खेलबाड भइरहेको छ : प्याव्सन, एन प्याव्सन

**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

सप्तरी जिल्लामा शिक्षा क्षेत्रलाई कमजोर बनाउँदै विद्यार्थीको भविष्यमाथि खेलबाड भइरहेको भन्दै प्याव्सन र एन प्याव्सन सप्तरीको गम्भीर ध्यानाकर्षण भएको छ ।

प्याव्सन सप्तरी अध्यक्ष उग्रकान्त झा र एन प्याव्सन सप्तरी अध्यक्ष नरेशप्रताप साहले बुधबार संयुक्त प्रेस विज्ञप्ति जारि गर्दै जिल्लामा अनुमति नै नलिई र अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्यार्थी भर्ना गराएर नीजि विद्यालयहरुले विद्यार्थीको भविष्यसँग खेलवाड गरिरहेकोप्रति ध्यानाकर्षण भएको जनाइएको छ ।

"विद्यार्थी भर्ना गर्दा आइमिस भर्नुपर्ने हुन्छ । तर, अनुमति नपाएर संचालनमा रहेका विद्यालयहरुले आफ्नोमा अध्यापन गराई अन्यमा विद्यार्थीहरुको आइमिस भर्दै आएका छन् । यो शिक्षा क्षेत्रमा देखिएको ठूलो भ्रष्टाचार र बेथिति हो । यसलाई रोक्न नसकिए विद्यार्थीको भविष्यसँगै शिक्षा क्षेत्र नै तहसनहस हुनेमा कुनै शंका छैन् ।" विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा उच्च अदालत जनकपुर, राजविराज इजलासले पनि अनुमति पाएको भन्दा माथिल्लो कक्षामा विद्याथी भर्ना नगर्न अन्तरिम आदेशपछि पनि

*बाँकी दुई पृष्ठमा*

## लु (तातोहावा) का असर र बच्ने उपाय

**'लु' का असर**

- थकाइ लाग्ने
- कमजोरी हुने
- बढी तिर्खा लाग्ने
- टाउको दुख्ने
- खुट्टा बाउँडिने
- रिङ्गटा लाग्ने
- बेहोस हुने
- मांसपेशी दुख्ने
- वान्ता हुने आदि ।

**'लु' बाट बच्ने उपाय**

- प्रशस्त पानी तथा झोल पदार्थ पिऊँ
- शरीर कमजोर भएमा जीवनजल पिऊँ
- शितल छहारीमा बसौं
- घाम लागेको बेला खेतबारीमा काम नगरौं
- घाममा निस्कँदा छाता ओढौं
- अत्यावश्यक कामबाहेक बाहिर ननिस्कौं
- मौसमी फलफूल र तिनको रस सेवन गरौं
- 'लु' लागेमा नजिकको स्वास्थ्य केन्द्रमा सम्पर्क गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

### अझै सांकेतिक बोर्ड लगाउने परिपाटी बसेन

सप्तरी जिल्लामा कुनै पनि विकासीय कार्य सार्वजनिक स्थलमा गर्दा सांकेतिक बोर्ड लगाउने बानी अझै बसेको छैन् । कुनै पनि स्थानमा सडक, नाला तथा ढल निर्माणका कार्यहरु भइरहेको विषयमा निर्माण कम्पनीले सांकेतिक बोर्ड लगाउनु आवश्यक छ । ती सांकेतिक बोर्ड लगाउनुको उद्देश्य सावधानी अपनाएर यातायातका साधन, पैदल वा साइकल यात्रीले गति न्युन गरेर गन्तब्यतर्फ जानु हो । कुनै पनि स्थानमा निर्माण कार्य भइरहदा बाटो निर्माणको कार्य भइरहेको भन्दै सांकेतिक बोर्ड राख्ने चलन रहेको छैन् ।

जिल्लाका विभिन्न स्थानहरुमा भइरहेका सडक मर्मत तथा निर्माणका कार्य सकारात्मक पक्ष हो तर, यसलाई समयमै पुरा गर्न निर्माण कम्पनिले तदारुकता देखाउनु पनि उत्तिकै आवश्यक छ भने सांकेतिक बोर्ड लगाउनु पनि उत्तिकै जरुरी रहेको छ । विभिन्न निर्माण कार्य भइरहेको सम्बन्धमा निर्माण कम्पनीले सांकेतिक रुपमा निर्माण सम्बन्धी होर्डिङ बोर्ड नलगाउँदा दुर्घटनाको सम्भावना बढ्न जान्छ ।

राती घर पुग्दा बाटो राम्रो तर बिहान उठेर पुनः सोही बाटो हुँदै जाने क्रममा बाटो खनेको हुनाले अनाहकमा दुर्घटनामा पर्ने जोखिम समेत बढ्न सक्छ । यस्ता लापरवाहीले जो कोही पनि दुर्घटनामा पर्न सक्छन् । तसर्थ कुनै पनि दुर्घटना निम्त्याउनु भन्दा पहिले दुर्घटना हुनै नदिन लापरवाही तरिकाले गरिने कार्यलाई अविलम्ब सच्याउनु उत्तिकै जरुरी छ । त्यसैले सांकेतिक बोर्ड लगाउन आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569

# सांस्कृतिक समानताले सुदृढ नेपाल-नेपाल भारत सम्बन्ध

**शैलेन्द्रकुमार श्रेष्ठ**

काठमाडौँ, ७ जेठ (रासस) ।

नेपाल तपोभूमि, देवभूमि र सनातन संस्कृतिको सञ्चयक भूमि, एक यस्तो पवित्र भूमि हो, जहाँ धर्मको सुवास पाइन्छ, जहाँ प्रत्येक कणमा तपस्याको ऊर्जा बग्दछ । यही भूमि हो, जहाँ पशुपतिनाथ, मुक्तिनाथ, जनकपुरधाम, बराहक्षेत्र, रामधुनी, हलेसी महादेव, दन्तकाली, दक्षिणकाली, बडीमालिका, गोसाइँकुण्ड, दामोदरकुण्ड, लुम्बिनी, देवघाट, गण्डकी नदीको किनारमा रहेको त्रिवेणीघाट वाल्मीकि आश्रम तथा लवकुश क्षेत्र, त्रिशूली र कौशिकी नदीजस्ता अनगिन्ती तीर्थस्थल र थुप्रै पवित्र नदीनालाहरू अवस्थित छन् । यी तीर्थहरूले नेपाललाई केबल भौगोलिक रूपमा मात्र होइन, आध्यात्मिक दृष्टिले पनि तपोभूमि, देवभूमि र पुण्यस्थलको रूपमा चिनाएका छन् । यो भूमि भगवान् शिव, विष्णु, राम, बुद्ध र असङ्ख्य ऋषिमुनिहरूको तपोस्थल हो । धार्मिक ग्रन्थहरूले नेपालस्थित तीर्थहरूको विशेष महिमा गाएका छन् ।

'काश्यां तु मरणं मुक्तिः पशुपत्यां तु दुर्लभा" (स्कन्द पुराण, काशी खण्ड) "मुक्तिनाथो बदर्यस्तु शालग्राम शिला तथा' गरुड पुराण, पूर्व खण्ड, अध्याय १६) 'पुर रम्यता राम जब देखि । हरषे अनुज समुभिः बिसेषी ।।' (रामचरितमानस, बालकाण्ड, दोहा २१२) यी शास्त्रीय प्रमाणहरूले नेपालको अध्यात्मिक गरिमा र गौरवलाई पुष्टि गर्छन् ।

जगतगुरु महायोगी सिद्धबाबाको योगदान र नेपालको आध्यात्मिक पुनर्जागरण सगरमाथाको काखमा जन्मनुभएका महायोगी सिद्धबाबाले बाल्यकालमै गृहत्याग गरी भौतिक विज्ञानअन्तर्गत हिमालयका वनस्पतिको द्रव्य गुणमा विद्यावारिधि समेत गर्नुभएको छ, उहाँ नाडी एवं खगोल विज्ञानमा पनि निस्णात हुनुहुन्छ । संस्थागत संलग्नतामा उहाँ जगतगुरु रामानन्दचार्य सेवा पेट चतराका संस्थापक एवं पिठाधीश महायोगी सिद्धबाबा आध्यात्मिक प्रतिष्ठान भक्तपुरको संस्थापक एवं आजीवन अध्यक्ष द हिमालयन पाशुपत सिद्ध महायोग वटावा क्यानाडा र महायोगी सिद्धबाबा अध्यात्मिक प्रतिष्ठान बेलायतका प्रमुख संरक्षकका साथै देश विदेशमा रहेका अन्य दर्जनौं संस्थामा प्रमुख संरक्षक सल्लाहकार आदि जस्ता भूमिकामा सम्बद्ध हुनुहुन्छ ।

नेपाल जननीका बरद पुत्र रत्न समाधि सिद्ध त्रिदण्डी स्वामी, तारकब्रह्म पीठाधीश्वर, अनन्त श्रीविभूषित, जगतगुरु श्री रामानन्द आचार्य स्वामी रामकृष्णाचार्य महायोगी सिद्धबाबाले बाल्यकालमै गृहत्याग गरी हिमालय खण्डदेखि मरुभूमिसम्मको कठिन वातावरणमा घोर तपस्या गर्नुभयो । उहाँले 'सुरत-शब्द योग' (जसलाई पाशुपतसिद्ध महायोग वा हिमालयन सिद्धयोग पनि भनिन्छ) प्राप्त गर्नुभयो । यो योग मार्ग सम्पूर्ण मानवताका लागि जात, धर्म, लिङ्ग र सीमाभन्दा माथि उठेर आत्म-साक्षात्कारको मार्ग हो ।

गुरुदेवले २०६३ सालदेखि नेपालकै पवित्रस्थल बराहक्षेत्रमा रही सनातन वैदिक धर्मको पुनर्जागरण र आध्यात्मिक चेतनाको संरक्षणमा आफूलाई समर्पित गर्नुभएको छ । आज उहाँको प्रभाव नेपाल र भारतमा मात्र सीमित नरही अमेरिका, अष्ट्रेलिया, युरोपजस्ता देशहरूमा समेत फैलिसकेको छ । २०७२ चैत २६ गतेदेखि २०७३ वैशाख ३ गतेसम्म पोखरास्थित रामघाटमा सञ्चारकर्मी, सरकारी चिकित्सक सुरक्षा निकाय, वरिष्ठ राजनीतिक व्यक्तित्व बुद्धिजीवी प्रतिष्ठित व्यक्तित्वलगायत लाखौं श्रद्धालुको उपस्थितिमा गुरुदेवले नौ दिनसम्म लिइसकेको जीवित भू-समाधि आधुनिक विज्ञानका लागि पनि अचम्मको विषय बन्यो । जिम्मेवार भुसमाधि व्यवस्थापक तथा सञ्चारकर्मी पत्रकारहरू समेतको उपस्थितिमा काठको बाकसभित्र उत्तानो सुती ढोका बन्द गरी बाकसभित्रको चार ढोकामा ताल्चा लगाई उक्त काठको बाकसलाई प्लास्टिकले बेरेर माथिबाट माटोले पुरी माटोको ढिस्को जस्तो थुप्रोमा पानी छर्की जौ छरियो । नौ दिनसम्म अन्न, जल र अक्सिजन बिना समाधिमा बसेर जीवितै बाहिर निस्कन सक्ने शक्ति केवल वैदिक योग, आत्मबल र सिद्धताको जीवन्त प्रमाण हो । यस प्रकार सद्गुरुदेवले सनातन हिन्दू धर्मका हाम्रा अग्रज ऋषिमुनिहरूमा रहेको समाधिसिद्ध क्षमताको सप्रमाण प्रतिनिधित्व गरी वैदिक सनातनभित्र रहेको योग र साधनामा रहेको शक्ति संसारसामु उजगार गर्दै आध्यात्मिक पुनर्जागरण अभियानमा नवीनतम् चेतना जागृत गराइदिनु भई अन्तरराष्ट्रियस्तरमै नेपालको अध्यात्मिक गौरव र गरिमालाई सगरमाथा उचाइमा पुऱ्याइ दिनुभएको छ ।

एक ऐतिहासिक अवसर यही दिव्यता र तपस्याको उच्चतम उदाहरण बनेका गुरुदेव महायोगी सिद्धबाबालाई भारतको श्रीराम जन्मभूमि अयोध्याधामस्थित श्री मणिरामदास छावनी, जुन युगौँदेखि वैष्णव परम्पराको महान केन्द्र रहँदै आएको छ, उक्त केन्द्रबाट प्रमुख अतिथि तथा प्रमुख सत्सङ्ग वाचकका रूपमा आमन्त्रित गरिएको छ । सन् २०२५ जुन १-१० सम्म परम पूज्य महन्त श्री नृत्य गोपाल दासजी महाराजको ८७ औं प्राकट्य दिवसका अवसरमा आयोजना हुने यस भव्य आध्यात्मिक महोत्सवमा भारतभरिका शङ्कराचार्य, महात्मा, मुख्यमन्त्री, मन्त्रीहरू, राष्ट्रसेवकहरू र लाखौं श्रद्धालुको उपस्थिति रहनेछ ।

दूरदर्शनमार्फत करोडौँ जनसमुदायले हेर्ने यो समारोह नेपालको वैदिक पहिचान र आध्यात्मिक गरिमाको अन्तरराष्ट्रिय सम्मान हो । परम पूज्य महायोगी सद्गुरुदेवलाई गरिएको यो गौरवशाली निमन्त्रणाले नेपाल-भारत सम्बन्धलाई केवल सामाजिक वा भौगोलिक नभई आध्यात्मिक र सांस्कृतिक आत्मियताको सूत्रमा थप बलियो बनाउने विश्वास दिलाउँछ ।

जनकपुर-अयोध्या, पशुपति-काशी, मुक्तिनाथ-बद्रीनाथ, अमरनाथ, रामेश्वरम र तिरुपति-बराहा क्षेत्र चतराधाम र लुम्बिनीजस्ता सम्बन्धहरूले हाम्रो साझा सनातन सम्पदालाई बलियो बनाएका छन् ।

**धार्मिक पर्यटनमार्फत समृद्धिको सम्भावना**

वर्तमान समयमा धार्मिक र आध्यात्मिक तीर्थयात्राको महत्त्व बढ्दै गएको विभिन्न उदाहरणहरूले देखाउँछन् । धार्मिक तीर्थयात्रीहरू नेपाल र भारतबाट छिमेकी राष्ट्र चीनको कैलाश पर्वतमा दर्शनार्थ जाने श्रद्धालुहरूको सङ्ख्या बढ्दो क्रममा रहेको तथ्याङ्कले देखाउँछ ।

त्यसैगरी भारतमा हुने कुम्भमेलामा नेपाललगायत देश-विदेशबाट जम्मा हुने करोडौंको संख्यामा पर्यटकले धार्मिक पर्यटनको महत्व उजागर गरिरहेका छन् । यस्तै श्रीराम जन्मभूमि अयोध्यामा २०८० सालको जनवरीमा राममन्दिर उद्घाटनपछि वार्षिक दुई करोड २१ करोड पर्यटक सङ्ख्या बढेर अहिले दैनिक नै एक लाख ५० लाख पुगेको तथ्याङ्कले धार्मिक पर्यटनको महत्व र त्यसबाट राष्ट्रलाई प्राप्त हुने आर्थिक समृद्धिको जलन्त उदाहरण प्रस्तुत गर्दछ । त्यसैले नेपालको महायोगी सिद्ध बाबालाई प्राप्त ऐतिहासिक निमन्त्रणालाई देवभूमि र तपोभूमिका रूपमा आफ्नो मौलिक पहिचानलाई विश्वसमक्ष प्रस्तुत गर्ने अवसरको रूपमा सदुपयोग गर्दै धार्मिक तथा अध्यात्मिक पर्यटनको सम्भावनालाई योजनाबद्ध व्यवस्थापनद्वारा आर्थिक समृद्धिको महत्वपूर्ण स्तम्भको रूपमा विकास गर्न सक्नु पर्दछ ।

सन् २०१८ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको मुक्तिनाथ मन्दिर भ्रमणपश्चात् भारतीय धार्मिक पर्यटकहरूको उल्लेख्य वृद्धि भएको थियो । सद्गुरुदेवको अयोध्यामा हुने १० दिने दिव्य र भव्य कार्यक्रममा मुख्य अतिथिको रूपमा हुने गरिमामय सहभागितापछि नेपाल र भारत दुवै देशबाट धार्मिक तथा आध्यात्मिक तीर्थयात्राको आदान-प्रदान अझै ठूलो मात्रामा बढ्ने आशा गर्न सकिन्छ । भारतजस्तो विशाल जनसङ्ख्या भएको देशबाट थोरै प्रतिशत मात्र धार्मिक पर्यटक नेपाल आएका खण्डमा पनि यसले नेपालको आर्थिक समृद्धिमा ठूलो टेवा पुऱ्याउनेछ ।

**नेपाल-भारतः साझा सनातन सम्पदाका वाहक**

वैदिक सनातन धर्मको रक्षा, सम्बर्द्धन र प्रवर्द्धनका दुई प्रमुख वारिस नेपाल र भारतको धार्मिक समागमले हामी सबैलाई स्मरण गराउँछ कि हाम्रो आस्थाका देवीदेवता र तीर्थस्थलहरू साझा धार्मिक सम्पदा हुन् । यस प्राकट्य महोत्सवमा सञ्चालन हुने धार्मिक कार्यक्रमको सत्सङ्गमार्फत सद्गुरुदेवद्वारा समस्त सनातनी आमजनमानसमा यो भावना उजागर गरिने अपेक्षा गरिएको छ, जसले नेपालको धार्मिक पर्यटन प्रवर्द्धनमा उल्लेखनीय टेवा पुऱ्याउनेछ । वर्तमान परिप्रेक्ष्यमा मित्रराष्ट्र भारतका धार्मिक पर्यटकहरू वृद्धि भइरहेको अवस्थामा नेपालका पवित्र तीर्थस्थलहरू पशुपतिनाथ, जनकपुर, लुम्बिनी, मुक्तिनाथ, रामधुनी, गोसाइँकुण्ड, दामोदरकुण्डलाई केन्द्र बनाएर महायोग शिविर, गुरुकुल शिक्षा, बौद्ध परिपथ (लुम्बिनी-बोधगया-सारनाथ-कुशीनगर) र रामायण परिपथजस्ता धार्मिक तथा अध्यात्मिक विकासका गतिविधिलाई संयुक्त पहलद्वारा अन्तरराष्ट्रिय आध्यात्मिक पर्यटन, सांस्कृतिक आदानप्रदान तथा पूर्वाधार विकासलाई प्रवर्द्धन गर्ने प्रयासमा सद्गुरुदेवको अयोध्यामा प्रमुख अतिथिको रूपमा हुने ऐतिहासिक सहभागिताले उचित वातावरण निर्माण गर्नुका साथै थप बल पुऱ्याउने आशा पनि गर्न सकिन्छ । यसबाट पर्यटन, होटल, यातायात, कृषि, हस्तकला, सांस्कृतिक कार्यक्रम र धार्मिक सामग्रीका क्षेत्रमा रोजगारी सिर्जना हुँदै उद्यमशीलताको वातावरण विकास हुनेछ ।

**निष्कर्ष**

हामी सबै नेपालीले गर्वपूर्वक स्वीकार गर्नुपर्छ कि सद्गुरुदेव महायोगी सिद्धबाबा देशभक्त राष्ट्रप्रेमी नेपाल जननीका बरद पुत्र रत्नका रूपमा पाउनु सम्पूर्ण नेपालीको सौभाग्य हो । गुरुदेवजस्ता सिद्ध पुरुषको हाम्रो माटोमा जन्म, तपस्याबाट प्राप्त ब्रह्मज्ञान, समाज, राष्ट्र र मानवताको कल्याणमा समर्पण तथा वैदिक सनातन संस्कृतिको संरक्षण र पुनर्जागरणमा पुऱ्याउनु भएको योगदानलाई केबल धार्मिक वा आध्यात्मिक दृष्टिले मात्र नभई मानव कल्याण तथा राष्ट्र निर्माण र समृद्धिको लागि गरिएको प्रयासको रूपमा हेर्नुपर्छ । हामी सबैले गुरुदेवले देखाउनुभएको अध्यात्मिक मार्गदर्शनमा अगाडि बढ्नु आजको आवश्यकता हो, जसले नेपालको उज्ज्वल भविष्य सुनिश्चित गर्दछ ।

धार्मिक पर्यटनको विकासद्वारा युवाहरूलाई वैदेशिक पलायनबाट जोगाउँदै स्वदेशमै रोजगारीको अवसर प्रदान गर्ने, समाजमा आत्मनिर्भरता बढाउने र आर्थिक समृद्धिको बाटो खोल्न सकिन्छ । अतः अयोध्याधामको निमन्त्रणालाई एक ऐतिहासिक अवसरको रूपमा सदुपयोग गरी धार्मिक पर्यटन प्रवर्द्धन र व्यवस्थापनलाई राष्ट्रिय रणनीति बनाएर, हामी सबै एकजुट भई राष्ट्रिय अभियानका रूपमा अगाडि बढाउँ, समृद्ध नेपाल निर्माणतर्फको यात्रा सुरु गरौं । (लेखक पूर्वसशस्त्र प्रहरी महानिरीक्षक तथा मानवअधिकार कानुन र अन्तरराष्ट्रिय सांस्कृतिक सम्पदा संरक्षणका विज्ञ हुनुहुन्छ)

## शिक्षा क्षेत्रलाई...

त्यस्ता नीजि विद्यालयहरु संचालन भइरहेको पाइएकोले शिक्षा विकास तथा समन्वय इकाईको नेतृत्वमा अनुगमन गरिरहेको कार्यप्रति धन्यवाद समेत दिइएको छ ।

सोही विज्ञप्तिमा अनुगमन पश्चात पनि ती विद्यालयहरु संचालनमा रहेको पाइएकोले अदालतको मानहानी हुने ठहर गर्दै यस्ता कार्यले समग्र विद्यालयको इज्जत प्रतिष्ठामा समेत आँच पुऱ्याउने भएको उल्लेख छ ।

कानुनको अधिनमा रही कामकाज गर्न/गराउन र विद्यालय संचालन गर्न सबैसँग आग्रह गर्दै अझ पनि कानुन विपरित काम गरेको पाइए र सम्बन्धित निकायले कार्वाही गर्दा संगठनले केहि गर्न नसक्ने व्यहोरा जानकारी समेत विज्ञप्ति मार्फत गराइएको छ । साथै सम्बन्धित निकायले पनि यसतर्फ गम्भीर भई विद्यार्थीको भविष्यबारे सोचिदिन र शिक्षा क्षेत्रको बेथितिलाई रोकिदिन सम्बन्धित निकायसँग माग गरिएको छ ।

# निरन्तर घट्दो नाफाले संकटोन्मुख टेलिकम सेवाप्रदायक

**कमलकुमार बस्नेत**
काठमाडौँ, ७ जेठ (रासस)।

सरकारी स्वामित्वको नेपाल टेलिकमले प्रकाशित गरेको चालु आर्थिक वर्षको तेस्रो त्रैमासको प्रतिवेदनमा खुद नाफा ४८ दशमलव ६७ प्रतिशतले ओरालो लागेको उल्लेख छ।

टेलिकमले गत आवको तेस्रो त्रैमासमा रु पाँच अर्ब ५३ करोड ७५ लाख ६२ हजार खुद नाफा आर्जन गरेको थियो। चालु आवको सोही अवधिमा टेलिकमको खुद नाफा रु दुई अर्ब ६९ करोड ५२ लाख ७३ हजारले घटेर रु दुई अर्ब ८४ करोड २२ लाख ८९ हजारमा सीमित भएको छ।

टेलिकमको चालु लगानी र नगद तथा नगदसरहको रकम हेर्ने हो भने पनि चालु आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्म उक्त सम्पत्ति करिब रु ३४ अर्बमा झरेको छ। यसले टेलिकमको आर्थिक स्वास्थ्य र चालु सम्पत्तिको अवस्था ओरालो लागेको देखिन्छ।

टेलिकमले खुद नाफामा आएको कमीको कारणमध्ये एउटा ओभर द टप (ओटिटी) प्लेटफर्मअर्थात् म्यासेन्जर, भाइवर, ह्वाट्सएप, इमेललगायत उल्लेख गरेको छ। ओटिटीको बढ्दो प्रयोगले टेलिकमको भ्वाइस र एसएमएसबाट हुने आम्दानीमा उल्लेख्य गिरावट आएको टेलिकमको भनाइ छ।

साथै ग्लोबल सिस्टम फर मोबाइल कम्युनिकेसन (जिएसएम)को अनुमतिपत्र नवीकरणका लागि एकमुष्ठ रु २० अर्ब भुक्तानी गर्नुपरेको र प्रतिस्पर्धी इन्टरनेट सेवाप्रदायक (आइएसपी)हरूले मोबिलिटी गरी वाइफाई सेवा दिइरहेकाले मोबाइलको डाटा खपतमा उल्लेख्य कमी आउँदाको असर नाफामा परेको टेलिकमले जनाएको छ। यी समस्याका कारण कम्पनीले सेवा विस्तार गर्न, नयाँ प्रविधिमा लगानी गर्न तथा समग्र सेवा सञ्चालन गर्न खर्च व्यवस्थापनका हिसाबले दीर्घकालीन रूपमा चुनौती थपेको छ।

"ओटीटी सेवाहरूको बढ्दो प्रयोगका कारण विदेशबाट हुने आगमन कलको परिमाणमा असर परेकाले अन्तरआबद्धता आयमा गत आर्थिक वर्षको तेस्रो त्रैमासिकसम्मको तुलनामा करिब रु ५३ करोड ५५ लाख ६६ हजारअर्थात् २२ दशमलव ३७ प्रतिशतले कमी आएको छ। ओटिटी सेवाले कम्पनीको समग्र भ्वाइस र एसएमएस सेवाको आयमा नकारात्मक प्रभाव परिरहेको छ", नेपाल टेलिकमले उल्लेख गरेको छ।

नेपाल टेलिकमको मात्रै नभई पछिल्ला केही वर्षयता टेलिकम सेवाप्रदायक एनसेलको आम्दानीमा पनि उल्लेख्य कमी आएको दूरसञ्चार प्राधिकरणको तथ्याङ्क छ। सञ्चालनमा रहेका दुईवटा टेलिकम कम्पनीको आम्दानी आर्थिक वर्ष २०७४/७५ मा रु ९८ अर्ब ७१ करोड पुगेको थियो। दूरसञ्चार प्राधिकरणका अनुसार आव २०७९/८० मा आइपुग्दा टेलिकम सेवाप्रदायकको आम्दानी करिब २६ प्रतिशतले ओरालो लागेर रु ७३ अर्ब १४ करोडमा सीमित भएको छ।

टेलिकम कम्पनीहरूको आम्दानी घट्नुको अर्को कारण अत्यधिक करसमेत भएको नेपाल टेलिकमका सहप्रवक्ता नविनकुमार मिश्रले बताउनुभयो। "पुरानो नीति, ओटिटी प्लेटफर्म, वाइफाई हटस्पट र नवीकरण शुल्क बढीका कारण असर परेको छ। साथै विभिन्न शीर्षकमा लिइने राजस्वका कारण पनि टेलिकम कम्पनीहरूको आम्दानीमा असर परेको छ", उहाँले भन्नुभयो।

टेलिकम कम्पनीहरूले १३ प्रतिशत मूल्य अभिवृद्धि करबाहेक १० प्रतिशत सेवा शुल्क र दुई प्रतिशत स्वामित्व कर बुझाउनुपर्ने जनाउँदै सहप्रवक्ता मिश्रले छ यसो गर्दा कूल २१ दशमलव दुई प्रतिशत करमा जाने उल्लेख गर्नुभयो। "त्यसबाहेक स्पेक्ट्रम शुल्क, रोयल्टी शुल्क र ग्रामीण दूरसञ्चार कोषमा बुझाउनुपर्ने चार प्रतिशत रकम कटौती गर्दा रकम ३८ प्रतिशत रकम बचत हुन्छ। त्यसबाट लागत कट्टा, वित्तीय खर्च, अनुमतिपत्र नवीकरण शुल्क र किस्ता ऋणको तिर्दा औसतमा आठ प्रतिशत मात्रै रकम बाँकी रहन्छ। त्यसमा पनि संस्थागत कर तिरेपछि पाँच प्रतिशत रकमलाई नाफा मान्न सकिन्छ", उहाँले भन्नुभयो।

टेलिकम कम्पनीका आम्दानी निरन्तर रूपमा घट्दै जाँदा कम्पनीलाई सेवा विस्तार गर्न, नयाँ प्रविधिमा लगानी गर्न तथा समग्र सेवा सञ्चालन गर्न खर्च व्यवस्थापनका हिसाबले दीर्घकालीन रूपमा चुनौती थपिने जानकारहरू बताउँछन्।

नेपाल दूरसञ्चार प्राधिकरणका पूर्वअध्यक्ष भेषराज कँडेलले दूरसञ्चार सेवाहरूलाई अत्यावश्यक सेवामा लिनुपर्ने अवस्था रहे पनि नेपालमा भने विलासितापूर्ण वस्तुमा जस्तै कर लगाइएको बताउनुभयो। उहाँका अनुसार हाल दूरसञ्चार कम्पनीहरूले कर्पोरेट कर ३० प्रतिशत बुझाउनुपर्छ, जबकी अन्य क्षेत्रलाई यस्तो कर २५ प्रतिशत मात्रै छ।

सूचना प्रविधि विज्ञ मनोहर भट्टराईले टेलिकम सेवाप्रदायकको आम्दानीमा आएको सङ्कुचनलाई हेरेर नीतिगत सुधार गर्नुपर्ने तथा विभिन्न शीर्षकमा लिने गरिएका करका दर पुनःसंरचना गर्न सकिने बताउनुभयो। यसो हुँदा ग्राहक र टेलिकम सेवाप्रदायक दुवैले लाभ लिने उहाँको बुझाइ छ। उहाँले भन्नुभयो, "अहिले प्रविधिमा आएको परिवर्तनले आम्दानीका स्रोत पनि बदलिएका छन्, त्यसैले नयाँ विषयलाई सम्बोधनका लागि पनि ऐन संशोधन जरुरी छ।"

नेपाल दूरसञ्चार प्राधिकरणका अनुसार अहिले भ्वाइसको साटो डाटाको खपत बढेको छ। यद्यपि त्यसमा पनि इन्टरनेट सेवाप्रदायकको हिस्सा ठूलो छ। टेलिकम कम्पनीहरूले पछिल्ला छ/सात वर्षयता भोगिरहेको ठूलो समस्या ओटिटी पनि हो। ओटिटी प्लेटफर्मका कारण पनि टेलिकमको राजस्वमा उल्लेख्य गिरावट आएको भट्टराईको बुझाइ छ। "म ओटिटी प्लेटफर्म बन्द गर्नुपर्छ भन्ने विचारमा त छैन तर त्यसलाई कसरी सञ्चालन गर्ने भन्ने विषयमा सरकारले सोच्नुपर्ने समय आएको छ", उहाँले भन्नुभयो, "होइन भने अर्बौं लगानी भएका टेलिकम कम्पनीहरू सङ्कटमा फस्ने निश्चित छ।"

अहिले नेपालमा फोरजी विस्तार भएर फाइभजी सेवा ल्याउने तयारी छ। टेलिकम कम्पनीहरूको घट्दो आम्दानीको असर फाइभजी सेवा सञ्चालन पनि देखिने जानकारहरू बताउँछन्। नेपाल टेलिकमले अहिले फाइभजीको केही स्थानमा परीक्षण पनि गरिसके पनि फाइभजी ल्याउनका लागि आवश्यक बजेटको अभाव हुने देखिएको छ।

एनसेलका प्रमुख कार्यकारी अधिकृत जाब्बोर कायुमोभले हालैको एक कार्यक्रममा आम्दानी सङ्कुचन हुँदै जाँदा दूरसञ्चार क्षेत्र

*बाँकी अन्तिम पृष्ठमा*

## फोनबाटै "तलाक"...

कक्षको १४ नं बेडमा भर्ना भई उपचारत सनिजाले आफू र छोरालाई यो अवस्थामा सासु आयशा खातुन र नन्द मरियम खातुनले पुऱ्याई दिएको बताएकी छिन्।

उनका श्रीमान मो.आकुब विगत २ वर्ष देखी रोजगारीका सिलसीलामा कतारमा छन। सासु र नन्दले श्रीमान आकुबलाई झुठो कुरा पुऱ्याएर तलाकको अवस्थामा समेत पुऱ्याई दिएको उनले पीडा पोख्दै आएकी छिन्।

उपचारका लागी काखे छोरा सहित अस्पताल भर्ना रहेकी सनिजाले विवाहको ३ वर्ष भन्दा बढी भइसक्दा पनि श्रीमानले विवाह दर्ता र नागरिकता नबनाई दिएको र सो बनाइ दिन फोनबाट पहलका लागी आग्रह गर्दा रिसाउने गरेको बताएकी छिन्।

उनले गत मंसिर १९ गते साँझ आफु गाउँको एक आफन्तको वैवाहिक कार्यक्रममा सरिक हुन गएका बेला नन्द मरियमले कोठामा रहेको दराजबाट सुनको सिक्री, टिका, नथुनी, औठी गरी करिब ५ तोला र चाँदीको १० तोलाको विभिन्न गरगहना चोरी गरी लगेको र सो बारे इलाका प्रहरी कार्यालय पातो हुँदै जिल्ला प्रहरी कार्यालय सम्म पुगेर उनी विरुद्ध ठगि तथा आपराधिक विश्वासघात मुद्दामा उजुरी दिएको बताईन।

यता मरियमलाई पक्राउ गरिएपछी सनिजा र उनका आफन्तले आफूहरुले प्रारम्भिक न्याय पाएको प्रतिक्रिया दिएका छन्।

नेपाल सरकार
भूमिव्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
सुधार तथा मालपोत कार्यालय राजबिराज,सप्तरी
(भूमिसुधार शाखा)

प.सं. २०८१/०८२
च.नं. ११५८
मिती: २०८२/०२/०६

**विषय : म्याद प्रकाशन सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा वादी राम प्रसाद मेहता र प्रतिवादी जि.स.गा.वि.स. तिलाठी वाडं नं.६ हाल तिलाठी कोइलाडी गा.पा.वाडं नं.१ वस्ने महन्थ झाको हक खाने छोराहरु उदयकान्त झा र राजकुमार झा समेत संगको मि.नं.८ मोही नामसारी र मि.नं.१४ मोही बाँडफाँड गरी पाउँ। भन्ने मुद्दामा तपसिल बमोजिम को जग्गामा यस कार्यालयको मिती २०८१/११/२८ गतेको आदेशानुसार विशेष अदालत ऐन २०५९ को दफा (१२) बमोजिम ३० (तिस) दिन म्याद सरहको सार्वजनिक सूचना प्रकाशित भएको मिती ले बाटोको म्याद बाहेको ३० दिन भित्र आफनो सबुत प्रमाण सहित लिखित प्रतिउत्तर तथा जवाफ लिई यस अड्डामा हाजिर हुन आफै आउनु वा कानुन बमोजिम वारिस वा कानुन व्यवसायी पठाउनु होला। ऐन बमोजिम पुपक्ष हुने छ। अन्यथा कानुन बमोजिम तपसिलको जग्गा मोही दर्ता नामसारी भई जाने छ। र म्याद गुजारी बसे पछि यस विषयमा तपाईको कुनै किसिमको उजुरी बाजुरी लाग्ने छैन।

तपसिल

| क्र.स. | ज.ध.को नाम | जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | ज.वि. | मोही |
|---|---|---|---|---|---|---|---|
| १. | महन्थ झाको हक खाने छोराहरु उदयकान्त झा, राज कुमार झा समेत | सप्तरी | लोहजरा | १(क) | १८६ | ०-८-२ | रामप्रसाद मेहता |
| | | | | १(ख) | २६ | ०-११-१५ | |
| | | | | २(ख) | २४ | ०-१०-१० | |
| | | | | ३(क) | ३३ | ०-१३-१६ | |
| | | | | ३(ख) | २६ | ०-६-४ | |

नोट :- यसमा पत्रिका प्रकाशनमा लाग्ने दस्तुर स्वयम व्यक्तिबाट भराइ लिनु हुन अनुरोध छ।

नारायण सुब्बा

# विश्व समाचार

## भारतीय सुरक्षाकर्मीसँगको मुठभेडमा २६ नक्सलवादीको मृत्यु

रायपुर, ७ जेठ (रासस/एएफपी)।

भारतको छत्तीसगढ राज्यको नारायणपुर जिल्लामा सुरक्षा बलसँगको मुठभेडमा २६ जना नक्सलवादी मारिएका छन्।

उपमुख्यमन्त्री अरुण साओले सन् २०२६ को मार्चसम्ममा छत्तीसगढलाई 'नक्सलवादी समूह' मुक्त बनाउन सुरक्षा बलले लगनशीलताका साथ काम गरिरहेको छत्तीसगढको नारायणपुर जिल्लामा सुरक्षा बलसँगको मुठभेडमा २६ जना नक्सलवादी मारिएको पुष्टि गर्नुभयो।

उहाँले एएनआईसँग भन्नुभयो, "राज्यमा हाम्रो सरकार बनेपछि बस्तरलाई नक्सलमुक्त बनाउने कार्यक्रम चलिरहेको छ। नारायणपुरमा भएको मुठभेडमा दुई दर्जनभन्दा बढी नक्सलवादी मारिएका छन्।"

छत्तीसगढका उपमुख्यमन्त्री विजय शर्माले नारायणपुर जिल्लाको अबुझमाडको जङ्गलमा सुरक्षा बल र नक्सलवादीबीच भएको मुठभेडमा कम्तीमा २६ जना नक्सलवादी मारिएको बताउनुभयो।

एएनआईसँग कुरा गर्दै उपमुख्यमन्त्रीले मुठभेडको क्रममा एक सैनिक घाइते भएको पुष्टि गर्नुभयो भने मुठभेडमा भएको थप क्षतिबारे जानकारी सङ्कलन भइरहेको बताउनुभयो।

उहाँले भन्नुभयो, "सुरक्षा फौजको कारबाहीमा २६ जनाभन्दा बढी नक्सलवादी मारिएका छन्। मुठभेडका क्रममा एक सहयोगीको मृत्यु भएको छभने एक जवान घाइते भएका छन्। घाइते जवानको उपचार भइरहेको र उनी खतरामुक्त रहेका छन्रस्।"

## गाजामा इजरायली नाकाबन्दी, कुपोषण र औषधिको अभावमा तीन भन्दा बढी प्यालेस्टिनीको मृत्यु

गाजा, ७ जेठ (रासस/क्यूएनए)।

गाजा पट्टीमा इजरायली नाकाबन्दीका कारण उत्पन्न अनिकाल र कुपोषणका कारण ५८ जना प्यालेस्टिनीको ज्यान गएको गाजाका सरकारी सञ्चारमाध्यमले जनाएका छन्।

सञ्चारमाध्यमका अनुसार २६ जना मृगौला पीडीतसहित खाना र औषधिको अभावका कारण थप २४२ जनाको मृत्यु भएको छ। यसैगरी इजरायली नाकाबन्दीको दुष्प्रभावले ८० दिनमा ३०० गर्भवती महिलाहरूमा स्वतः गर्भपात भएको जनाइएको छ।

सञ्चारमाध्यले प्यालेस्टिनीमाथि लादिएको भोकमरीको कारण गाजामा बढ्दो मानवीय प्रकोपप्रति गहिरो चिन्ता व्यक्त गर्दै यस्तो प्रवृतिको निन्दा गरेको छ। खाना चिकित्सा सेवा र इन्धनको प्रवेश रोक्न लगातारको नाकाकन्दी गाजाका २४ मिलियन भन्दा बढी प्यालेस्टिनीहरूको जीवनलाई खतरा पुऱ्याउन कदमलाई विनाशकारी मानवीय आपराधिक प्रवृतिको रूपमा चित्रण गरिएको छ।

सञ्चारमाध्यमका अनुसार सन् २०२५ मार्च २ देखि इजरायलले गाजा पट्टीमा एकल मानवीय सहायता वा ईन्धन ट्रकको प्रवेशलाई अनुमति दिएको छैन।

यी सबै सीमा मार्गहरूको बन्द अन्तर्राष्ट्रिय कानून र मापदण्डहरूको उल्लङ्घन भएको र यसप्रति अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण भएको रिपोर्टमा जनाइएको छ। रिपोर्टमा गाजाको मानवीय अवस्था हरेक कोणबाट विनाशकारी स्तरमा पुगेको जनाएको छ।

अन्तर्राष्ट्रिय समुदाय, संयुक्त राष्ट्र संघ र मानवतावादी सङ्गठनहरूलाई सबै सीमा खोली गाजामा खाना, औषधि र इन्धनको प्रवेशलाई अनुमति दिई नागरिकको जीवन बचाउन आह्वान गरेका रिपोर्टमा उल्लेख छ।

स्थानीय सञ्चारमाध्यमले अन्तर्राष्ट्रिय फौजदारी अदालत र मानव अधिकार तथा कानुनी संस्थाहरूलाई इजरायललाई युद्ध अपराधीको रूपमा मुद्दा चलाउन तथा नैतिक र कानुनी रुपमा जिम्मेवारी लिनुपर्ने जनाएका छन्।

इजरायलले मार्च १८ मा गाजामा आफ्नो आक्रमण पुनः सुरु गरेपछि यस क्षेत्रमा आक्रमणमा परी १२ हजारभन्दा बढी प्यालेस्टिनीहरूको मृत्यु हुनुका साथै कयौं घाइते भएको जनाइएको छ।

## भारतमा भवन भत्किदा ६ जनाको मृत्यु

नयाँदिल्ली, ७ जेठ (रासस/सिन्ह्वा)।

भारतको दक्षिणपश्चिमी महाराष्ट्र राज्यको एउटा पुरानो भवनको भाग मङ्गलबार राति भत्किँदा कम्तीमा छ जनाको मृत्यु हुनुका साथै अन्य छ जना घाइते भएको जनाइएको छ।

महाराष्ट्रको 'कल्याण एस्टे क्षेत्र' मा भवनभित्र मर्मत सम्भार भइरहेको बेला घटना भएको भारतीय सञ्चारमाध्यमले समाचारमा जनाएका छन्।

सञ्चारमाध्यमका अनुसार मर्मत कार्य गर्दा भवनको दोस्रो तलाको क्षत अचानक ढली भुईंमा खस्दा १२ जना उक्त भग्नावशेषमा फसेका थिए।

घटनामा छ जनाको तत्काल मृत्यु भएको तथा घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको र उद्धार अभियान तीन घण्टाभन्दा बढी चलेको प्रहरीले बताएको छ।

घटनापछि, मनसुनको मौसम सुरु हुनुअघि सावधानीका रूपमा भवनका बासिन्दाहरूलाई भवनको संरचनात्मक परीक्षण गर्न चेतावनी जारी गरिएको छ।

# अनुगमन टोली आएपछी सुनचाँदी पसल एकाएक बन्द गरि पसलेहरु भागाभाग




**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

राजविराजस्थित सुनचाँदी पसलको बुधबार सरोकारवाला निकायले अनुगमन गर्न आउँदा यहाँका सम्पूर्ण पसलहरुको सटर एकाएक बन्द गरि पसलेहरु भागाभाग भएका थिए ।

जिल्ला प्रशासन कार्यालय, वाणिज्य आपुर्ति तथा उपभोक्ता संरक्षण कार्यालय विरगंज र घरेलु तथा साना उद्योग कार्यलय राजविराजको प्रतिनिधिहरुको संयुक्त टोलीले अनुगमन गर्दा ती पसलेहरु सटर बन्द गरि भागाभाग भएका थिए ।

अनुगमन टोलीको सुइको पाएपछी बिहानै खुल्ने पसलेहरु एकाएका बन्द भएको थियो । खुलेका केही पसलमा टोलीले अनुगमन गरेको थियो ।

टोलीले सुनचाँदीको गुणस्तर भन्दा पनि कागजातहरु दुरुस्त बिषयमा अनुगमन गरेको एक पसल संचालकले जानकारी दिए ।

यता टोलीका नेतृत्व गरेका जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानले बुधबार पसल बन्द भएपनी अनुगमनलाई निरन्तरता दिँदै अर्को दिन पुनः अनुगमन गर्ने जानकारी दिए ।

# विपद्को बेला सबै सरोकारवाला निकायलाई तयारी अवस्थामा रहन आग्रह

**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

विपद व्यवस्थापन समितिको बुधबार बसेको बैठकले जिल्ला प्रशासन कार्यालय सप्तरीका प्रशासकीय अधिकृत जितेन्द्र कुमार पासवानको संयोजकत्वमा चार सदस्यीय विपद व्यवस्थापन उपसमिति गठन गर्दै १२ बुँदे निर्णय समेत सार्वजनिक गरेको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालको अध्यक्षतामा बसेको बैठकले उपसमितिको सदस्यहरुमा रेडक्रस सोसाइटी सप्तरीका जोगेन्द्र भगत, गैसस महासंघका नीर शहादुर आले तथा कोशी पीडित समाज नेपालका देवनारायण यादवलाई चयन गरेको छ ।

बैकठले विषद्को समयमा खोज तथा उद्दार कार्यमा प्रयोग हुने उपकरण उद्दार मामाग्री तयारी अवस्थामा राख्ने, घटना घटेका समयमा तत्काल प्रतिकार्यका लागि आवश्यक स्काभेटर, ब्याकहो लोडर, एम्बुलेन्स र औषधी जस्ता साधनहरु सम्बन्धित निकाय तथा सबै स्थानीय तहहरु, स्वास्थ्य संस्था/अस्पतालहरुले तयारी अवस्थामा राख्ने निर्णय गरेको छ ।

त्यस्तै विपद् प्रभावितलाई तत्काल आश्रय र व्यवस्थापनको लागि सबै स्थानीय तहहरुले आफ्नो पालिका भित्रका खुल्ला क्षेत्र तथा सामाग्रीहरुको विवरण जिल्ला विपद् व्यवस्थापन समिति समक्ष पठाउने, जिल्लामा संचालित विकास निर्माण र बाटोघाटो निर्माणसँग सम्बन्धी कार्य वर्षातको समय आउनुपूर्व यथाशिघ्र सम्पन्न गर्न स्थानीयतहरु र आयोजना संचालन गर्ने सडक सम्बद्ध कार्यालयहरुमा लेखि पठाउने निर्णय पनि गरेको छ ।

विपदबाट हुने संकटको सामना गर्न आवश्यक पर्ने राहत तथा उदार सामाग्रीहरु नभएका नगरपालिका/गाउँपालिकाले तत्काल खरिद गरी भण्डारण गर्ने, विषद्को समयमा आवश्यक पर्ने खाद्यान्न लगायत अन्य राहत सामाग्री भण्डार गरी आवश्यक परेको बखत सहज रुपमा उपलब्ध गराउने गरी सोको व्यवस्थापन उद्योग बाणिज्य संघले गर्ने, निर्माणाधीन अवस्थामा रहेको हुलाकी राजमार्ग, रुपनी-राजबिराज सडक खण्ड, राजबिराज-हनुमाननगर लगायत अन्य निर्माणाधीन सडक खण्डहरु बर्षातको समयमा सडकमा पानि जमि दुर्घटना हुने र सवारी आवागमन समेतमा कठिनाई हुने भएको र विपदमा उद्दारको लागि समेत अवरोध सिर्जना हुने भएकोले उक्त सडक खण्डहरु तिव्रताका साथ सम्बन्धित आयोजना र कार्यालयहरुले निर्माण व्यवसायीसँग समन्वय गरी समयमै काम सकी सहज सवारी अवागमन हुने व्यवस्था मिलाउने निर्णय गरेको छ ।

बर्षातको समयमा खोलामा पानिको वहाव बढेर कटान तथा डुवानमा पर्ने नदी तथा खोला नियन्त्रण गर्न स्थानीय तह, खाडो नदी नियन्त्रण आयोजना, कोशी पम्प चन्द्र नहर सिंचाई व्यवस्थापन कार्यालय, जलस्रोत तथा सिंचाई व्यवस्थापन लगायतका कार्यालयहरुले एक आपसमा समन्वय गरी संभावित जोखिमलाई न्यूनिकरण गर्ने व्यवस्था गर्ने, बाढीजन्य क्षति न्यूनिकरण गर्ने प्रयोजनार्थ डिभिजन कार्यालयमा जियो व्याग, प्लाष्टिक बोरा र नाइलन जाली उपलब्ध नरहेकोले भनी जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालयमा उक्त सामाग्री आवश्यक व्यवस्थापनका लागि सम्बन्धित निकायबाट तालुक निकायमा माग गर्ने, खाडो नदीबाट हुने कटान डुवानबाट बस्ती, जंगल, नर्सरीको संरक्षणको लागि संघ सरकार र प्रदेश सरकारसँग बजेट माग गर्ने निर्णय गरिएको छ ।

नेपाल रेडक्रस सोसाइटी शाखा कार्यालय सप्तरी तथा विपद्को क्षेत्रमा काम गर्ने सामाजिक संघ संस्थाले विपदको समयमा दलित, विपन्न घर परिवारलाई आवश्यक पर्ने राहत सामाग्री तयारी अवस्था राख्ने लगायतका निर्णयहरु गरिएको छ ।

### निरन्तर घट्दो ...

सङ्कटतर्फ धकेलिएको तर्क गर्नुभएको थियो । "अहिले टेलिकम कम्पनीहरू जटिल सङ्कटको अवस्थाबाट गुज्रिरहेका छन्, हाम्रो आयको ठूलो हिस्सा करमा जान्छ, २० प्रतिशत रकम नयाँ उपकरण खरिदमा जाँदा बाँकी रकम सञ्चालन खर्चमा हुन्छ", उहाँले भन्नुभयो ।

पछिल्ला वर्षहरूमा निरन्तर घट्दो आम्दानीले फाइभजी सेवा ल्याउनका लागि आवश्यक रकम अभाव हुने कायुमोभको बुझाइ छ । उहाँका अनुसार फाइभजी सेवा पूर्ण रूपमा सञ्चालनमा ल्याउनका लागि दुवै टेलिकम कम्पनीले रु ६० अर्बभन्दा बढी रकम खर्च गर्नुपर्ने हुन्छ ।

# पत्रकारिता क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागी आमसञ्चार प्राधिकरणद्वारा सुझाव संकलन




**दैनिक समाचारदाता**
**राजविराज, ७ जेठ ।**

मधेश प्रदेशको आमसञ्चार प्राधिकरणका नवनियुक्त अध्यक्ष जीतेन्द्र खडगाले आफ्नो कार्यकालमा मधेशका पत्रकारहरुको पेशागत हकहितको सुरक्षा, सम्मान, संरक्षण, क्रियाशिल मिडीया हाउसहरुको उत्थान तथा पत्रकारिता क्षेत्रमा देखिएका समस्याहरुको समाधानका लागि प्रदेशको ८ वटै जिल्लामा सुझाव संकलन कार्यक्रम संचालन गरेको बताएका छन् ।

बुधवार सप्तरी सदरमुकाम राजबिराजमा पत्रकारहरुसंग "परिचयात्मक कार्यक्रम" को आयोजना गरी उनले सुझाव संकलन गरिरहेको बताएका छन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्राधिकरणका अध्यक्ष खडगाले अन्य जिल्लामा उक्त कार्यक्रम सम्पन्न गर्दै अन्त्यमा आफ्नो गृह जिल्लामा यस्तो कार्यक्रम गरिएको बताए । उनले पत्रकारिता क्षेत्रलाई अझ विश्वसनीय, भरपर्दो र गुणस्तरीय बनाउन सम्बन्धित सबै पक्षको सुझाव लिएर आफुले काम गर्ने प्रतिबद्धता समेत जनाए ।

उनले सुचना प्रविधीको विकाससंगै सत्य, तथ्य र आधिकारीक समाचार मार्फत समाजलाई सुसूचित गर्न आमसञ्चार माध्यमलाई सहि ढंगबाट अघि बढाउने जिम्मेवारी विशेष गरी पत्रकारिता क्षेत्र कै रहेको भन्दै यस क्षेत्रमा लागेका सबै अझ जिम्मेवार भइ काम गर्नू पर्नेमा जोड दिए ।

कार्यक्रममा सहभागी पत्रकारहरुले पत्रकारहरुको जिवन विमा, ज्येष्ठ पत्रकारहरुलाई पेन्सन, पत्रकारको सुरक्षा, सम्मान, अनलाईन मिडियाहरुको वर्गीकरण, मधेशका स्थानीय तहहरुद्वारा मिडिया ऐन ल्याउनका लागी पहल, स्थानीयस्तरका मिडियालाई प्रोत्साहन गर्न विभिन्न नीति निर्माण लगायतका कार्य अघि बढाउन सुझाव दिएका थिए ।

कार्यक्रममा प्राधिकरणका निर्वतमान अध्यक्ष श्यामसुन्दर यादवले आफ्नो कार्यकालमा भोग्नु परेको समस्याबारे अनुभव सुनाउँदै प्राधिकरणका नव नियुक्त अध्यक्षलाई पत्रकारीता क्षेत्रको विकासका लागी गर्ने हरेक कार्यमा साथ र सहयोग गर्ने प्रतिबद्धता जनाउँदै शुभकामना दिएका थिए ।

## राजबिराज नगरपालिका
## १ नं.वडा कार्यालय
## राजबिराज,सप्तरी
## मधेश प्रदेश,नेपाल

प.स. २०८१/०८२
च.न. १५५५

मिती :- २०८२।०२।०७

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. २ हाल १ बस्ने **हरि नारायण चौधरी र हरि प्रसाद चौधरी** ले तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउं भनि मिति २०८२।०२।०६ गते मा द.न.१४४९को निवेदन दिएको हुदा सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तपसिल

जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने **दिनानाथ चौधरी** नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड न | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | १क | १८ | ०-३-६ |
| सप्तरी | चनौरा पडरीया | १क | २१६ | ०-१-० |
| सप्तरी | चनौरा पडरीया | १क | ३५३ | ०-१-११ |
| सप्तरी | चनौरा पडरीया | १क | २५४ | ०-०-१५ |
| सप्तरी | चनौरा पडरीया | १ख | २४९ | ०-८-६.२५ |
| सप्तरी | चनौरा पडरीया | २ | ११२ | ०-१३-० |
| सप्तरी | चनौरा पडरीया | २ | ३७३ | ०-३-६.७५ |
| सप्तरी | चनौरा पडरीया | २ | ३८० | ०-२-१३ |
| सप्तरी | चनौरा पडरीया | २ | ३६७ | ०-५-२.५० |
| सप्तरी | चनौरा पडरीया | २ | ३८९ | ०-२-४ |
| सप्तरी | चनौरा पडरीया | २ | ३९१ | ०-२-१६.७५ |
| सप्तरी | चनौरा पडरीया | २ | ३७९ | ०-६-१० |
| सप्तरी | चनौरा पडरीया | २ | १३७ | ०-२-१ |
| सप्तरी | राजबिराज | ९ | ९९७ | ०-१-१४ |
| सप्तरी | राजबिराज | ९ | १४५२ | ०-०-९ |
| जिल्ला सप्तरी रा.बि.न.पा.२ हाल १ बस्ने **हरिहरवति** थरुनी नाउको दर्ताको जग्गा | | | | |
| सप्तरी | चनौरा पडरीया | २ | ३०१ | ०-५-५ |
| सप्तरी | चनौरा पडरीया | २ | १९१ | ०-४-६ |
| सप्तरी | चनौरा पडरीया | २ | ३३५ | ०-२-० |

चन्द्र शेखर चौधरी
वडा अध्यक्ष
रा.बि.न.पा.वडा नं -१

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*